# बगनासकाली गाउँपालिका, चिर्तुङ्गधारा, पाल्पा
# आ. व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममा समेटिएका नाराहरू

**सुन्दर, शान्त, समृद्ध, सभ्य, बगनासकाली गाउँको सार : आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार** भन्ने प्रमुख दिर्घकालीन सोचका साथ हाम्रो यात्रा दिगो विकास, सुशासन र जनसेवाका लागि शुभारम्भ गरिएको पहिलो कार्यकाल व्यतित गरी नयाँ जनमतका साथ दोस्रो कार्यकालको पहिलो पाइलामा उभिएको छ । प्रथम अवधिमा विकास र समृद्धिको दिशातर्फ उन्मुख हुने बलियो जग बसाल्ने प्रयास गर्न सफल भएको देखिन्छ । बढी जोड दिन खोजेका विषयगत क्षेत्रमा यस आर्थिक वर्षका लागि पारित भएको नीति तथा कार्यक्रममा समेटिएका मुख्य नाराहरू देहाय अनुसार रहेका छन् ।

१) **समृद्ध बगनासकालीको सार : समग्र विकासको दीगो आधार**का लागि पूर्वाधारका काममा जनसहभागितालाई बढाउने र कार्यआरम्भ अगाडि नै जनसहभागीता सुनिश्चित गराउने व्यवस्था मिलाइनेछ ।

२) **बगनासे चापी : बलियो पहरेदारी** भन्ने अभियानका साथ यस गाउँपालिकाको मूख्य पहिचान बने तापनि लोप हुने अवस्थामा रहेको बगनासे चापीको प्रयोगलाई व्यापकता बनाउँदै यो र यस्तै अन्य परम्परागत वस्तु उत्पादन तथा संस्कार संस्कृतिको जगेर्ना, संरक्षण र प्रवर्धनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

३) वडागत रुपमा कृषि विशेष क्षेत्र छनौट गरी **एक वडा : एक पकेट क्षेत्र** बनाइनेछ ।

४) किसानको खेती बालीको संरक्षणका लागि बादरलगायतका बन्यजन्तु व्यवस्थापन र नियन्त्रण गर्ने उचित प्रवन्ध मिलाउँदै **एक किसान : एक उत्पादन**लाई प्राथमिकता दिने नीति लिइनेछ ।

५) **म तिर्छु मेरै कर** भन्ने उद्घोषका साथ करका दरलाई फराकिलो बनाउदै कर संकलन दर्ता शिविर र सचेतना अभियान सञ्चालन गरिनेछ ।

६) **गुणस्तरीय शिक्षा : बगनासकालीको प्रतिवद्दता** भन्ने नारालाई सार्थक बनाउन सबै सामुदायिक विद्यालय र विद्यार्थीमा पठनपाठन, पोशाक, सेवा सुविधा आदिमा एकरुपता कायम गर्ने र अगामी पाँच वर्षसम्मको शैक्षिक योजना बनाउने व्यवस्था मिलाइनेछ भने कृषि र पशु सेवातर्फको प्राविधिक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७) **हाम्रो बन : हाम्रै मन** भन्ने मूल मन्त्रका साथ सार्वजनिक तथा सामुदायिक बन संरक्षण सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र आय आर्जनमा टेवा पुग्ने खालका जडीबुटीजन्य बृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

८) **उपभोक्ताको अधिकार : हाम्रो सरोकार** भन्ने नाराका साथ गाउँपालिकामा रहेका बजार क्षेत्रको अनुगमन कार्यक्रम नियमित रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

९) जनताप्रति जवाफदेही हुनका लागि **जनतासँग जनप्रतिनिधि** कार्यक्रम मार्फत गाउँपालिकाले सम्पादन गरेका हरेका क्रियाकलाप तथा गतिविधिलाई समेटेर साप्ताहिक कार्यक्रम  उत्पादन र प्रसारण एवम् प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

१०) **महिलाको सरोकार : सवल स्थानीय सरकार** भन्ने लक्ष निर्धारण गरी महिला अधिकार सम्वन्धी सचेतनामूलक कार्यक्रम गर्दै महिलाहरूले मात्र सञ्चालन गर्ने तथा नेतृत्व गर्ने

सरकारी निकाय, संघ संस्था, आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने वातावरण सिर्जना गर्दै उचित प्रोत्साहन समेत गरिनेछ ।

११) **समग्र विकासका लागि युवा** भन्ने यथार्थलाई चरितार्थ पार्न अपरिहार्य भएकोले यहाँका वेरोजगार युवा र विदेशबाट फर्किएका युवालाई गाउँकै विकासमा समर्पित गर्ने नीति अवलम्बन गरिनेछ ।

लुम्बिनी प्रदेशमै प्रथम वालमैत्री गाउँपालिका घोषणा, पाल्पा जिल्लामै पहिलो फुसको छानोरहित गाउँपालिका घोषणा, पूर्ण संस्थागत प्रसुती सेवा प्रदान गर्ने गाउँपालिका घोषणाजस्ता कार्यक्रम सम्पन्न भइसकेका छन् । त्यसैगरी उज्यालो बगनासकाली अभियान, कृषि बिकासका लागि व्यवसायिकरण, आधुनिकिकरण र यान्त्रिकरणको शुरूवात, व्यवसायिक पशुपालन, जनताको स्वास्थ्यमा विशेष चाँसो, स्थानीय पाठयक्रम निर्माण र लागू, शैक्षिक योजना निर्माण गर्दै, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गरिएका प्रयासहरू निरन्तर रूपमा जारी रहेका छन् । यस गाउँपालिका क्षेत्रका महत्त्वपूर्ण योजनाहरूलाई यहाँका क्रियाशील राजनैतिक दल, सामाजिक संघ संस्था, समाजसेवी, उद्योगी, व्यवसायी, संचारकर्मी एवम् आम जनताहरूको सहयोग र सहभागितामा अघि वढाउदै दिगो विकासलाई व्यवस्थित र स्थापित गराउन प्रयत्नशील रहेको अवस्था छ ।